# गौर नगरपालिका

## स्थानीय राजपत्र

## गौर नगरपालिकाद्वारा प्रकाशित

खण्ड: ७ संख्या: १ मिति: २०८०/३/२५

भाग: १

गौर नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ बमोजिम गौर नगरपालिकाको नगर सभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको ऐन नं.१

गौर नगरपालिका, गौर नगरपालिकाको विनियोजन ऐन, २०८०

# गौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# गौर,रौतहट
# मधेश प्रदेश,नेपाल

विनियोजन ऐन,२०८०

**प्रमाणिकरण मितिः-२०८०/०३/२५**

# गौर नगरपालिकाको विनियोजन ऐन,२०८०

**प्रमाणीकरण मितिः-२०८०/०३/२५**

**प्रस्तावनाः** गौर नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गौर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गौर नगरपालिकाको विनियोजन ऐन,२०८०" रहेको छ ।

(२) **यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।**

२. **आर्थिक वर्ष २०८०/०८१ को निमित सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८०/०८१ को निमित गौर नगरपालिकाको,नगर कार्यपालिका, वडा समिति,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वितिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५८,७८,८०,६००/- (अक्षरेपी अन्ठाउन्न करोड अठहत्तर लाख असी हजार छ सय) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित गौर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(३) पूँजिगत खर्च र वितिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याँज भुक्तानी शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वितिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याँज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वितिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै शिर्षकमा छुटयाईएको योजना वा कार्यक्रमको रकम कुनै कारणले गर्दा त्यस्तो योजना

वा कार्यक्रम संचालन वा कार्यान्वयन हुन नसकेमा वा हुन नसक्ने अवस्था भएमा वा अन्य निकायबाट त्यस्तो योजना वा कार्यक्रम स्वीकृत भई संचालन हुने भई खर्च नहुने भएमा नगर कार्यपालिकाले निर्णय गरी त्यस्तो शिर्षकमा छुट्याईएको योजना वा कार्यक्रमको रकम अर्को शिर्षकको योजना वा कार्यक्रममा वा नगर कार्यपालिकाले आवश्यक ठानेको कुनै नयाँ शिर्षकगत योजना वा कार्यक्रममा आंशिक वा सम्पूर्ण रुपमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सक्नेछ ।

अनुसूची-१

(दफा २) सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वितिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | | नगर कार्यपालिका | १३,२४,१०,९२०/- | १५,७६,६९,६८०/- | - | २९,००,८०,६००/- |
| २. | | वडा समिति | ९३,५०,०००/- | १,७६,५०,०००/- | - | २,७०,००,०००/- |
| ३. | | विषयगत शाखा | २०,४४,२९,०००/- | ६,१८,७१,०००/- | - | २६,६३,००,०००/- |
| ४. | | ऋणको साँवा व्याँज भुक्तानी | ० | ० | ४५,००,०००/- | ४५,००,०००/- |
| ५. | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| **कूल जम्माः-** | | | **३४,६१,८९,९२०/-** | **२३,७१,९०,६८०/-** | **४५,००,०००/-** | **५८,७८,८०,६००/-** |